# गोर्खा पेन्सन बढाउन फेरी अस्वीकार

गोर्खालीलाई समान अधिकार र स्थायी वसोवास सुविधा दिलाउन आनाकानी गर्ने आफ्नो अडानमा वेलायत सरकार अडिग देखिएको छ। हजारौं गोर्खालीले सरकारको 'असमान' व्यवहार विरुद्ध गत महिना पार्लियामेन्ट हाउस अगाडि गरेको प्रदर्शनपछि पनि सरकार आफ्नो अडानमा पुनर्विचार गर्ने मनस्थितिमा छैन। करिब सय पूर्व गोर्खा सैनिक अल्डरसट र फानबरोबाट लण्डन पार्लियामेन्ट अघि प्रदर्शन गर्न गएका थिए।

पछिल्लो केहि साता यता गोर्खा नेताहरुलाई वार्ताका लागि लण्डनमा बोलाउने क्रम जारी छ, विशेषगरी एमओडि, होम अफिस र नेपाली दुतावास प्रतिनिधिका माझमा। सरकार विरुद्ध कानुनी चुनौती दिने तयारी गरिरहेको ब्रिटिश गोर्खा वेलफेयर सोसाइटी (विजिडब्ल्युस्) का महासचिव छत्र राई भन्छन् - 'वार्ताको परिणाम निराशाजनक भयो। हामीलाई धेरै हतोत्साही गर्ने प्रतिक्रिया पाएका छौं। तर, हामी गोर्खाली दुईमुठी सास छउन्जेल लड्न छाड्ने छैनौं र सबै बाटो कानुनी तवरबाट खुल्नेछ भन्ने हाम्रो आशा छ।'

बेलायत सरकारका प्रवक्ताले भनेका छन् -'हाम्रो पेन्सनमा परिवर्तन गर्ने कुनै कार्यक्रम छैन। गत साता नै प्रधानमन्त्रीले यसबारे स्पष्ट गरिसक्नुभएको छ। जुलाई १, १९९७ को रेखा भित्र रहेर काम गर्ने बाटो खुल्लै छ।' सरकारको यो निर्णय स्थायी वसोवास र पेन्सन नीतिसंग सम्बन्धित भएको ती प्रवक्ताले बताए। भूपू गोर्खाहरु सरकारले जुलाई १, १९९७ अघि रिटायर्ड हुने गोर्खाली प्रति गरेको भेदभावप्रति रुष्ट छन्। सरकारले यो मिति 'ब्रिगेड अफ गोर्खाज' ओभरसिजबाट युके फोर्समा परिवर्तन भएको आधारमा राखिएको बताइरहेको छ तर सैनिकको भूमिका भने समान छ। विडम्बना! सबै गोर्खाली नेपालमा भर्ना गरिन्छ र अन्तमा त्यही फिर्ता पठाइन्छ। सरकारले १५ वर्ष सेवा गरि प्रि - १९९७ (सन् १९९७ अघि) अवकाश पाएका गोर्खालीलाई वार्षिक एक हजार पाउण्ड पेन्सन दिइएको बताएको छ, र यो पेन्सन नेपालको स्तर अनुसार कम छैन। तर विडम्वना, समान सेवा गर्ने वेलायतमा जन्मेको सैनिकले भने उसको भन्दा छ गुणा बढी पेन्सन पाउँछ।

गत महिनाको प्रदर्शनका क्रममा करिव ५० गोर्खालीले आफूले पाएको मेडल फिर्ता गरिदिएका छन्। गोर्खालीले आफ्ना मेडल लिवरल डेमोक्रेटिक नेता निक क्लागले एउटा वाकसमा राखेर प्रधानमन्त्री गोर्डन व्राउनलाई हस्तान्तरण गरिदिएका थिए। सोही अवसरमा नेता क्लागले हाउस अफ कमन्स्मा गोर्खालीको मुद्दालाई राष्ट्रकै लज्जास्पद विषय बनाउदै प्रधानमन्त्री ब्राउनसमक्ष प्रश्न राख्ने मौका पाएका थिए।

अल्डरसट रोडका ज्ञान शेरचन जसले आफ्नो मेडल समेत फिर्ता गरिदिएका थिए। उनी पश्चिम नेपालको स्यालीवाङबाट आएका हुन्। उनी आफ्ना दाजुको सिको गर्दै सन् १९७८ मा 'ब्रिग्रेड अफ गोर्खाज'मा भर्ती भएका थिए। विशेषगरि 'सेफ' को काममा अनुभवी उनी २९ वर्ष काम गरि वारेन्ट अफिसरका रुपमा सन् २००७ मा अवकास पाएका थिए। उनी हङकङ, ब्रुनाई, फकल्याण्ड र चर्च कुकहाममा पनि भिडे। उनी १२ वर्ष अल्डरसटमा 'इन्सट्रक्टर' भएर सन् ००७ मा अवकाश लिएका हुन्।

एउटा ब्रिटिश मुलको सैनिकले वार्षिक १६,००० पाउण्ड पेन्सन पाउँछ तर, सरकारले गतवर्ष सार्वजनिक गरेको 'गोर्खा अफर टु ट्रान्सफर स्किम' (गट) कै अनुसार पनि ब्रिटिश सैनिकको आधा मात्र पाउँछ। वेलायत जन्मेको सैनिकले उसकै तह हो भने ६०, हजार पाउण्ड प्राप्त गरेपनि विचरा गोर्खालीका हकमा त्यो केवल सपना छ। 'यो त समान भएन' - ४८ वर्षीय शेरचनले भने - 'हाम्रो सेवा आर्मीमा संलग्न अरु जोसुकैको भन्दा फरक छैन।' धेरै गोर्खाली जो ९७ अघि रिटायर्ड भए, उनीहरुले फकल्याण्डको टापुदेखि खाडी युद्ध र अरु देशमा पनि लडे। 'हामी एकै खालका पोशाक लगाउथ्यौं।, हाम्रो कामको प्रकृति उस्तै थियो। हामी संगै उही हैसियतमा भिड्न खुशी मान्थ्यौं। त्यसैले हामीलाई बराबर अधिकार र दर्जा मानसम्मान दिइयोस्' शेरचनले भने। शेरचनलाई कुनै जमाना त्यही मेडल प्राप्त गर्दा कत्रो गर्व थियो। तर, वाध्यताले उनलाई त्यही मेडल फिर्ता गर्नुपर्दा कम्ती ग्लानी भएको छैन। 'जब मैले त्यो पदक मेरो छातीमा भिर्थे, म र वेलायती नागरिक गर्व गर्थ्यौं। उनीहरु यो वेलायती सैनिक हो भन्थे। तर, मेरो मुटु छिया छिया हुन्छ किनकि मलाई बेलायती सैनिक जस्तो व्यवहार गरिएन। यसै कारण पनि मेरो पदक अर्थहिन भयो' - शेरचनले भावुक हुदै भने। वेलायत सरकारले पदकबाट मेरो कामको मुल्याङ्कन गऱ्यो, त्यसकारण एमओडिले हामीलाई कदर गर्नुपर्छ।'

स्टेशन रोड, अल्डरसट निवासी जगत ब. लिम्बु १५ वर्ष सेवा गरेपछि सन् १९९२ मा रिटायर्ड भए। उनी १९९७ अघि रिटायर्ड भएकाले उनले मासिक एकसय पाउण्ड भन्दा पनि कम पेन्सन थापिरहेका छन्। उनी यहाँ काम गर्न पाउँदैनन् किनकि यहाँ वस्न पाऊ भनि दिइएको निवेदन अस्वीकार गरिएको छ र उनी कानुनी शरणमा छन्। यस महिनाको अन्त्यतिर उनको मुद्दाको सुनुवाई हुदैछ, यदि भिसा रिफ्युज गरिए उनी नेपाल फर्कनुपर्नेछ। लिम्बुका छोरा पनि ब्रिटिस आर्मीमा भर्ती भइसकेकाले उनलाई वस्ने अधिकार र समान पारिश्रमिक उपलब्ध छ, तर वुवालाई त्यो भएन। उनका श्रीमती र छोरा अझै नेपालमै छन्। 'म मेरो छोराको भविष्य सुन्दर बनाउन चाहन्छु' -उनले भने-'बेलायतले मेरो सेवा कहिल्यै सम्झेला ?'